नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिफारिस समितिको सचिवालय

# काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदका लागि आवेदन मागको सूचना

सूचना प्रकाशन मिति : २०८३/०१/१७

काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकाले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ तथा काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सोही निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

**१. आवश्यक योग्यता :**

क) विशिष्ट श्रेणी वा सोभन्दा माथिको पदमा काम गरिरहेको वा गरिसकेको व्यक्ति वा सम्बन्धित क्षेत्र (सिभिल इन्जिनियरिङ्ग वा अर्वन प्लानिङ्ग) मा लब्ध प्रतिष्ठित व्यक्ति ।

ख) काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्य प्रकृतिसँग सम्बन्धित विषय सिभिल इन्जिनियरिङ्ग वा अर्वन प्लानिङ्गमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको ।

ग) तीस वर्ष उमेर पूरा भएको ।

घ) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय वा प्रचलित कम्पनी कानून बमोजिम स्थापना भएको संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा ५ (पाँच) वर्षको कार्य अनुभव हासिल गरेको ।

ङ) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को दफा ४ बमोजिम अयोग्य नभएको ।

**२. पारिश्रमिक तथा सुविधाहरू :**

नेपाल सरकारबाट तोकिए बमोजिम

**३. दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरू :**

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग) व्यक्तिगत विवरण

घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि

ङ) काठमाडौं उपत्यका विकास प्राधिकरणको सुधारको व्यावसायिक कार्ययोजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम

च) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२क. बमोजिमको स्वघोषणापत्र

नोट : दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारामको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ४२११८७६) मा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारीका लागि मन्त्रालयको वेबसाइट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

द्रष्टव्य : व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारहरूको अन्तिम सूची प्रकाशन गर्दा तोकिनेछ ।

- सिफारिस समिति